बैठक नं. ३३

आज मिति २०७५/०८/२८ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ४:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | ,, | |
| ५ | लाल प्रसाद वस्याल | ,, | — |
| ६ | टंक प्रसाद पराजुली | ,, | |
| ७ | तेज बहादुर सुनार | ,, | |
| ८ | जगदिश चन्द्र आचार्य | ,, | |
| ९ | कमल प्रताप थापा | ,, | |
| १० | भिम बहादुर श्रेष्ठ | ,, | |
| ११ | बिष्णु बहादुर थापा | ,, | |
| १२ | पदम बहादुर थापा | ,, | |
| १३ | रामचन्द्र क्षेत्री | ,, | — |
| १४ | दुर्गा प्रसाद सुवेदी | ,, | |
| १५ | नारायण प्रसाद पुन | ,, | — |
| १६ | दधिराम न्यौपाने | ,, | |
| १७ | डम्मर बहादुर भण्डारी | ,, | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १८ | राम प्रसाद रेग्मी | " | |
| १९ | सन्त बहादुर राना | " | |
| २० | हुमनाथ आचार्य | " | |
| २१ | हिम बहादुर खत्री | " | |
| २२ | डिल प्रसाद नेपाली | " | |
| २३ | रन्जित शेरचन | " | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | " | |
| २५ | बिमला श्रेष्ठ | " | |
| २६ | सिता कुमारी थापा | " | |
| २७ | शुष्मा कुमारी अर्याल | " | |
| २८ | बिष्णु कुमारी शर्मा | " | |
| २९ | राजेन्द्र सिग्देल | नि. प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं. ३३.१

नगर सभाको मिति तोक्ने सम्बन्धमा ।

निर्णय नं. ३३.१

यस बुटवल उप-महानगरपालिकाको चौथो नगर सभाको बैठक २०७५ पौष २५ गते बुधवार विहान ११:०० बजे बस्ने गरी आव्हान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३३.२**

**ADB को सहयोगमा सञ्चालित परियोजनाको अवधि समाप्त हुने सम्बन्धमा ।**

**निर्णय नं. ३३.२**

मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजना, परियोजना कार्यान्वयन इकाई बुटवल अर्न्तगत खानेपानी उपआयोजना वडा नं. ९ र १० (हाल ७ र ८) निर्माणका लागि SUMEC-Chandra & Basant Joint Venture पुल्चोक ललितपुरले श्री ग्लोबल आइएमई बैक, आइएमई कम्प्लेक्स, बैकबाट Advance Payment Guarantee (Reference No.APGA116NPR00175 (Amendment No. 2 of APG0214NPR00215) पेश गरी रु.१,७६,६५,०००।- (एक करोड छयाहत्तर लाख पैसठ्ठी हजार मात्र) मोविलाईजेशन पेश्की भुक्तानी लिएको र Integrated Solid Waste Management Sub Project बाट निर्माण हुने Procurement of works to Integrated Solid Waste (Land Fill Site) कामका लागि ZIEC-Pappu J/V,PC tower,Tinkune Kathmandu Nepal ले श्री प्राइम कमर्सियल बैक लि. नयाँ सडक, काठमाडौको बैंकबाट Advance Payment Guarantee (Reference no. PCBL15-092AG पेश गरि रु.२,२१,००,०००। (दुई करोड एक्काइस लाख) मोबिलाइजेशन पेश्की भुक्तानी लिएकोमा उक्त Bank Guarantee हरुको म्याद December 31, 2018 सम्म रहेको तथा यस आयोजनाको अवधी समेत December 31, 2018 मा समाप्त हुने देखिएको साथै उक्त आयोजनाका सम्झौता, दातृ निकायको सहयोग बिना आफ्नो स्रोतबाट कार्यान्वयन गर्न सम्भव नभएकोले आयोजनाको म्याद समाप्त हुने मिति अगावै दातृ निकायको हिसाव मिलान समेत गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै खानेपानी उपआयोजनाको पेश्की रु. १,७६,६५,०००।- (एक करोड छयाहत्तर लाख पैसठ्ठी हजार मात्र) र Integrated Solid Waste Management Sub Project तर्फको पेश्की रु. २,२१,००,०००।- (दुई करोड एक्काइस लाख) असुल उपर गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३३.३**

**नगर योजना आयोग गठन तथा संञ्चालन सम्बन्धी नियमावली, २०७५ सम्बन्धमा ।**

**प्रस्ताव नं. ३३.४**

**हितकारी कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ सम्बन्धमा ।**

**प्रस्ताव नं. ३३.५**

**लैगिङ्क प्रवाहिकरण र पछाडि पारिएका व्यक्ति, वर्ग र समुदायको हित प्रवर्द्धन गर्ने सम्बन्धी कार्यविधि, २०७५ सम्बन्धमा ।**

**प्रस्ताव नं. ३३.६**

**युवा क्लबको गठन तथा नमूना युवा संसद सञ्चालन कार्यविधि, २०७५ सम्बन्धमा ।**

**प्रस्ताव नं. ३३.७**

**अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ सम्बन्धमा ।**

प्रस्ताव नं. ३३.८

कर्मचारी समायोजन सम्बन्धमा ।

प्रस्ताव नं. ३३.९

कृषक समूह गठन सम्बन्धी कार्यविधि, २०७५ सम्बन्धमा ।

निर्णय नं. ३३.३, ३३.४, ३३.५, ३३.६, ३३.७, ३३.८ र ३३.९

आजको बैठकमा पेश भएका प्रस्ताव नं. ३३.३, ३३.४, ३३.५, ३३.६ ३३.७, ३३.८ र ३३.९ समय अभावको कारण अर्को बैठकमा छलफल गर्ने गरी उल्लेखित प्रस्ताव आजको बैठकको कार्यसूचीबाट हटाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३३.१०**

**सपिङ्ग कम्प्लेक्शका सटरहरु भाडामा लगाउने सम्बन्धमा ।**

**निर्णय नं. ३३.१०**

यस उप-महानगरपालिका वडा नं. ५ स्थित हाट बजार सपिङ्ग कम्प्लेक्शको नव निर्मित पहिलो तल्लाका सटरहरु भांडामा लगाउने सम्बन्धमा राजश्व परामर्श समितिबाट प्राप्त सिफारिस बमोजिम प्रति वर्ग फुट न्यूनतम दर रु. ४०।- कायम गरी २७ वटा सटरहरु भाडामा लगाउने प्रयोजनका लागि सार्वजनिक सूचना गरी (आय ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हान) ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३३.११**

**विविध**

**प्रादेशिक बस पार्क सम्बन्धमा ।**

**निर्णय नं. ३३.११.१**

यस उप-महानगरपालिका मुलुककै करिब मध्ये भागमा अवस्थित भई मुख्य दुई लोकमार्ग समेतबाट जोडिनुका साथै मुलुककै मुख्य सडक सञ्जाल रहेको र विगतदेखि नै बुटवल यातायात सेवा केन्द्रको रुपमा विकास भइरहेको सन्दर्भ एवं हाल बुटवल स्थित लुम्बिनी बस टर्मिनलले यहाँको सेवाको भार थेग्ने क्षमता कम हुने देखिएको हुँदा बुटवल उप-महानगरपालिका वडा नं. ७ स्थित मुख्य लोकमार्ग (पूर्व पश्चिम) लोक मार्गसँग जोडिएको पूर्व देवदह सुखौरा खोला दक्षिण पूर्व पश्चिम लोकमार्ग यति चारकिल्ला भित्र प्रदेश स्तरीय बसपार्क निर्माण गर्न र सो क्षेत्रको जग्गा प्राप्तिको प्रकृया अगाडि बढाउने र सम्बन्धित मन्त्रालय एवं निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**वडा प्रोफाइल तयार गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ३३.११.२**

यस उप-महानगरपालिकाको प्रोफाइल (पार्श्वचित्र) लाई अध्यावधिक गर्नु पर्ने र प्रत्येक वडाले आफ्नो वडाको प्रोफाइल तैयार गरी आवश्यकता अनुरुप अध्यावधिक गर्नु पर्ने हुँदा कार्यालयबाट तैयार गरिएको विवरणहरु समावेश गरी प्रत्येक वडाले आ-आफ्नो वडाको वडा प्रोफाइल तैयार गर्न लगाउने र सम्बन्धित वडाले आफ्नो वडाका लागि छुट्टाएको मर्मत सम्भार शीर्षकबाट उक्त कार्यका लागि खर्च व्यहोर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।